भाद्र २० गते बसेको ६३ औं कार्यपालिका बैठकको निर्णय

प्रमाणित गर्ने
धानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मिति:

निर्णय नं. १

यस प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विद्यालय निरिक्षक अधिकृत आठौं पदमा कार्यरत कर्मचारी नरेन्द्र सुवेदीको काठमाडौंमा उपचारको क्रममा मिति २०७८/०५/२७ गतेका दिन दुखद निधन भएकोले मृतक प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकशन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गरियो ।

निर्णय नं. २

अत्याधिक वर्षातका कारण हाल वाढी पहिरो लगायत प्राकृतिक विपत्ती वढिरहेको सम्वन्धमा नगरपालिका कार्यालयवाट वडा कार्यालयको सिफारिस वमोजिम विपद् व्यवस्थापन कोषवाट खर्च हुने गरी त्रिपाल उपलव्ध गराउने र जेसिभि. प्रयोग गर्ने कार्य भएको छ र आगामी दिनहरुमा समेत अत्यावस्यक क्षेत्रमा त्रिपाल वितरण र जेसिभि. प्रयोग गर्ने साथै विपद् भएका क्षेत्रहरु र विपद् संभावित जोखिमका क्षेत्रहरुमा निरिक्षण र अवलोकन गर्न तपशिल बमोजिमको कार्यदल गठन गरियो ।

तपशिल :

श्री शान्ता आचार्य - संयोजक

श्री पवित्रा जि.सी. - सदस्य

श्री सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य

श्री प्रेम नारायण पौडेल - सदस्य

श्री वविता विष्ट - सदस्य सचिव

कार्यदलले विपद् संग सम्वन्धित क्षेतीहरु लगायत सम्पुर्ण विवरण तयार गरी यथासिघ्र प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गर्ने ।

निर्णय नं. ३

पुर्वाधार विकास शाखावाट पेश भएको प्यूठान नगरपालिकाको आर्थिक वर्ष ०७८/७९ को दररेट प्रस्ताव पेश भए वमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने
धानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मिति:

भाद्र २० गते बसेको ८३ औं कार्यपालिका बैठकको निर्णय

प्रमाणित गर्ने
थानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मितिः

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मितिः

निर्णय नं. ४

विधेयक समितिवाट पेश भएको तपशिल बमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल :

१. प्यूठान नगरपालिकाका नगरवासीहरुका लागि २० युनिट वा रु. १०० सम्मको विद्युत महसुल छुट कार्यक्रम संचालन कार्यविधि, २०७८

२. प्यूठान नगरपालिकाका सञ्चित कोषको आन्तरिक लेखा परिक्षण सम्वन्धी कार्यविधि, २०७८

३. मुद्धापिडित व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

४. लैङ्गिक हिंसा सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

५. फलफूल तथा तरकारी संकलन केन्द्र सञ्चालन कार्यविधि, २०७७ (पहिलो शंसोधन २०७८)

निर्णय नं. ५

आर्थिक वर्ष ०७८/७९ को वार्षिक योजना वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने । विगतका वर्षहरुमा योजना कार्यान्वयनका क्रममा भएका कमजोरी तथा राम्रा पक्षहरुको समिक्षा गर्दै सकारात्मक ज्ञानको प्रयोग गरेर विगतका वर्षहरुमा भन्दा वढी प्रभावकारी रुपले छिटो छरितो रुपमा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि कम्प्यूटर तथा सूचना प्रविधि सम्वन्धी क्षमता विकास तालिम यथासिघ्र सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्यूठान नगरपालिका वडा नं. १० वस्ने शुरेस वस्नेतलाई औषधी उपचार खर्च वापत रु. १ लाख र अविरल वर्षाका कारण क्षति भएको श्री डिलेश्वरी नै.रा. प्रा.वि. सारिवाङलाई तत्काल संरक्षणको लागि प्राविधिक इष्टिमेट अनुसारको रकम विपद् व्यवस्थापन कोषवाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय

प्रमाणित गर्ने
थानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मितिः

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मितिः

प्रमाणित गर्ने
धामेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मिति:

निर्णय नं. ८

जिल्ला समन्वय समितिको कार्यालयवाट प्यूठान नगरपालिकालाई हस्तान्त्रण भई आएको स्काभेटर मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

कोभिड- १९ दोस्रो भेरियन्टका कारण मृत्यु भएका प्यूठान नगरवासीहरुको लागि रु. ३५ हजार राहत स्वरुप उपलब्ध गराउने र सो रकम विपद् व्यवस्थापन कोषवाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्यूठान नगरपालिका वडा नं. ५ स्थित ओवाङ खोपकेन्द्र निर्माणको लागि चम्पादेवी क्षेत्रीको नाममा रहेको कि.नं. ७० को जग्गावाट १ रोपनी जग्गा जुम्रीकाँडा स्वास्थ्य केन्द्रको नाममा, प्यूठान नगरपालिका वडा नं. ४ स्थित खड्गडेरा वालविकास केन्द्रको लागि प्रेम नेपालीको नाममा रहेको कि.न १२६२ तथा सोही वडाको खोपकेन्द्र भवन निर्माणको लागि मेघ वहादुर घर्तिको नाममा रहेको कि.नं ५१८ र प्यूठान नगरपालिका वडा नं २ स्थित खोप केन्द्र भवन निर्माणको लागि टेक वहादुर जि.सी. को नाममा रहेको कि.नं. ५२० वाट करिव ४ आना जग्गा निशुल्क प्राप्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

शहर उज्यालो कार्यक्रम अन्तर्गत स्मार्ट सडकवत्ती जडान सम्वन्धी नेपाल विद्युत प्राधिकरणले प्रकाशित गरेको सूचना वमोजिम यस प्यूठान नगरपालिकाले समपुरक कोषवाट खर्च हुने गरी नेविप्रा.को लागत साझेदारीमा स्मार्ट सडक वत्ती जडान कार्यक्रमा सहभागी हुने निर्णय गरियो ।

प्रमाणित गर्ने
धामेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत:
मिति:

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणिकरण गर्ने
अर्जुन कुमार कक्षपती
नगर प्रमुख
दस्तखत:
मिति: